## प्रश्नकर्ता सांसद डा. नारायण खड्का

प्रतिनिधिसभा नियमावली २०७९ को धारा ५६, ५८ अन्तर्गत सम्माननीय सभामुखमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई निम्न लिखित प्रश्नहरु सोध्न चाहन्छु ।

करिब पाँच हप्ता अगाडि २०७२ देखि २०८१ का बीचमा चौथो पटक प्रधानमन्त्री हुनु भएको छ । २०४८ देखि नै राज्यशक्तिका विभिन्न महत्त्वपूर्ण पदहरुमा नेतृत्वदायी भूमिका निभाउँदै आउनु भएको तथा शासन व्यवस्थामा लामो अनुभव त्यसमा पनि अध्ययन गर्न सक्ने, परिस्थितिको विश्लेषण गर्न सक्ने र निर्णय गर्दा आवश्यक जोखिम उठाउन सक्ने क्षमता र अनुभवी प्रधानमन्त्री हुनुहुन्छ । सफल कार्यकालको पूर्ण सफलताको शुभकामना दिन चाहन्छु ।

विश्वका कतिपयख बहुदलीय लोकतान्त्रिक व्यवस्थामा कुनै खास परिस्थितिमा दुई ठूला दलहरु मिलेर सरकार गठन भएका उदाहरणहरु छन्। वर्तमान प्रतिनिधिसभाका दुई ठूला दलहरु नेपाली कांग्रेस र एमाले आफैं प्रतिस्पर्धी दलहरु हुन् । सरकारमा रहँदा लिइने निर्णय र गरिने काम कारबाहीहरुमै एक अर्का प्रतिस्पर्धी दलबाट नियन्त्रण र सन्तुलन (चेक एन्ड ब्यालेन्स) स्वनिर्मित छ । संसदीय अभ्यास संविधान र कानुनअनुसार दुई दल पछिको तेस्रो र सरकारमा सहभागी नभएका अन्य दलहरुको प्रतिपक्षीय भूमिका सनि सुनिश्चित नै छ ।

अहिले जनतामा चरम असन्तोष, निराशा (आक्रोश) बढ्दो छ । सामाजिक सञ्जालमा व्यक्त धारणा र विचारहरु जनतामा देखिएको असन्तोष निराशा र विद्रोहको भावको संकेत पनि हो । जनताका मुद्दा जसले बोके पनि जनजीविकाका मुद्दाहरूमा सरकारलाई दबाब दिनका लागि केही वर्षयता काठमाडौंका सडकहरूमा देखिएका जनभीड पनि यसको एउटा राम्रै संकेत हो। हामी कहाँ पनि अन्य देशहरूमा जस्तै सामाजिक सञ्जालमार्फत् नकरात्मक मनोविज्ञानको गलत प्रयोग हुने खतरा छ ।

भ्रष्टाचार हाम्रो व्यवस्थामाथि अनि हाम्रो अन्तर्राष्ट्रिय छविमाथि नै एउटा बोझको रुपमा विद्यमान छ। सामाजिक आर्थिक कुनै क्षेत्र छैन, जहाँ भ्रष्टाचार व्याप्त नभएको

होस् । हाम्रो अर्थतन्त्र तीन खम्बे होइन अब चार खम्बे भने हुन्छ- सरकारी, निजी, सहकारी र भ्रष्टार्थिक । प्रधानमन्त्रीजीले मलाई राज्यबाट केही लिनु छैन भन्ने भनाइलाई म व्यक्तिगत रुपमा शंकाको फाइदा दिन चाहन्छु । तर, पनि हाम्रो राज्य प्रणालीमा, राजनीतिक संस्कार र हाम्रो सामाजिक संस्कृतिका कारणहरूले गर्दा निर्णायक तहमा पदासीन प्रमुख नेतृत्वहरुलाई दलका नेता कार्यकर्ता, पारिवारिक सम्बन्धबाट जेलिएका नातेदारहरू र खुदखोरी विचौलियाहरूले प्रभावमा पारी राखेका हुन सक्छन् । यसबारे प्रधानमन्त्रीजी सचेत हुनुहुन्छ होला ।

प्रधानमन्त्रीजीले भ्रष्टाचारमा शून्य सहनशीलता भन्दै आउनु भएको छ । अरुले पनि त्यही भन्ने हो । भ्रष्टाचार हुने क्षेत्रको व्यापकता र जटिल सायत्री कजालको कारण शून्य सहनशीलता कति सम्भव होला ? प्रधानमन्त्रीजीले संसद्मा र संसद् बाहिरका कार्यक्रमहरुमा व्यक्त गर्नु भएका सरकारले प्राथमिकताका साथ चाल्ने सशक्त कदमहरुमा भ्रष्टाचार, सुशासन (जनजीविका र विकासका कामहरुमा यथाशीघ्र सशक्त र प्रभावकारी निर्णयहरु लिने) र आर्थिक विकासलाई गति दिने र राज्यव्यवस्थामा समानुपातिक र समावेशी विशेषताको आधारभूत मान्यता र भावनालाई कमजोर नहुनेगरी निर्वाचन पद्धति र जनताको चाहनाअनुसार संघीयताको केही पक्षहरूमा संघीय संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सहमतिमा संविधान संशोधन गर्ने प्रतिबद्धताका सकरात्मक नतिजा कहिलेबाट आउँछन् ?

सुशासन एउटा अमुक विचार या नारा मात्र भयो भने सरकार पूर्णतया निस्प्रभावी हुन्छ । यो व्यवहारिक र रणनीतिक कदम हो । गुणात्मक शिक्षा, स्वास्थोपचारमा राज्यको लगानी, शुद्ध खानेपानी जस्ता आधारभूत जनआवश्यकताहरूको सम्बोधनले जनविश्वास बढाउँछ । उदयपुरको त्रियुगा नगरपालिकाको वार्ड नं १० र १५ र वेलका नगरपालिकाको वडा नं १ र २ र संखुवासभा, ताप्लेजुङ, पाँचथर सोलु, सप्तरी, सुनसरी, सिन्धुपाल्चोक, सिन्धुली, कञ्चनपुर वर्दियालगायत कतिपय जिल्लाहरुमा बाढीपहिरोले धेरै जन (१७५ जनाको मृत्यु) र धनको क्षति भएको छ । बाढी र पहिरोबाट विस्थापित जनता बास र गासका लागि सरकारको आशा गरेर बसिरहेका छन्, सरकारबाट जनताले कहिले प्रत्यक्ष र समयमै सेवा र सुविधा पाउन सक्छन् ?

प्रधानमन्त्रीज्यू वर्तमान अवस्थामा सुशासनमा जटिल समस्या राज्यका कामकारबाहीहरू संवैधानिक र प्रशासनकि अंगहरूबाट अर्थात् न्यायलय, अख्तियार र प्रशासनबाट जकडिएका छन् । रानीतिक वफादारीमा प्रशासन चल्छ । करिब दुई हप्ता अगाडि प्रधानमन्त्रीज्यूलाई मैले भेटेर उदपुरको चौदण्डी नगरपालिकाको वडा नं ५ को त्रियुगा नदीमा निर्माण सम्पन्न भई सञ्चालन सुरू गर्नुपूर्व स्वनदीमा आएको ठूलो बाढीले पुलको एक भाग भत्कायो । हजारौं मानिसहरूका लागि उक्त पुल अति आवश्यक थियो । नगरपालिकाका वडाहरू वारि र पारि छन् ।

सो पुल पुनर्निर्माणका लागि सर्वदलीय प्रतिनिधिमण्डलले सम्बन्धित मन्त्री, सचिव र महानिर्देशक लगायतसँग पटक पटक माग राख्यो । निर्वतमान प्र.म. पुष्पकमल दाहाल प्रचण्डसँग पटक पटक प्रतिनिधिमण्डलले भेट गऱ्यो । निर्वतमान प्र.म.ले सचिवलाई तीन दिनभित्र पुनर्निर्माण र मर्मतका लागि मन्त्रिपरिषद्मा फाइल पेस गर्न भन्नु भयो तर सो फाइल पेस भएन । अर्को भेटमा निर्वतमान प्र.म.ले मन्त्री र सचिवलाई अगाडि राखेर कडा निर्देशन दिनुभयो, अख्तियारसँग म कुरा गर्छु तपाईंहरु फाइल पेस गर्नुस भनेर । प्रधानमन्त्रीको निर्देशनको कुनै महत्त्व भएन । राज्यका सबै अंगहरूमा र खासगरी कर्मचारीतन्त्रमा जनताप्रतिको उत्तरदायित्वको संवेदनशीलताविहीन सुशासन हुन सक्दैन ।

त्यस्तै, प्रधानमन्त्रीज्यूसँगको भेटमा उदयपुरको प्रतिनिधिमण्डलले उदयपुरको जोगीदहमा निर्माणाधीन अल वेदर सगरमाथा विमानस्थलको बारेमा पनि समस्या राखेको थियो । यो विमानस्थल ठूलो सहरको रुपमा विकसित सदरमुकाम गाईघाट र यस जिल्लाका छिमेकी जिल्लाहरुको करिब १२ लाख जनताको आवश्यकता र हिउँदमा हुस्सु नलाग्ने सर्व मौसममा चल्ने उत्तम विमानस्थलको रुपमा विभिन्न समयका सरकारहरूले अगाडि बढाएको योजना हो । पटक पटक बजेट वक्तव्यमा उल्लेख भएको मन्त्रिपरिषद्बाट निर्माणको लागि निर्णय भएको, राष्ट्रिय योजना आयोगबाट प्राथमिकता तोकिएको विमानस्थलमा अहिले करिब १४ हजार रुख कटान भएर निर्माण अगाडि बढाउने अवस्थामा नागरिक उड्डयन प्राधिकरणले अख्तियारको

२२ बुँदे सैद्धान्तिक निर्देशनपत्र देखाएर काम रोकेको छ । प्रधानमन्त्रीज्यू, यहाँको सर्वाधिकार निकाय कुन हो, नागरिक उड्डयन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मं.प., अर्थ मत्रालय, सम्बन्धित मन्त्रालय ? त्योभन्दा पनि सम्बन्धित एउटा कर्मचारीले अख्तियारको डर बोकेर राज्यको काम रोक्न मिल्छ ?

प्रधानमन्त्रीज्यूको हालैको एउटा विकास र कानुनसम्बन्धी भनाइ सान्दर्भिक र औचित्यपूर्ण छ । मेरो, आफ्नो पनि विश्वास संघीय सासदले एउटा हातले कानुन बनाउने र अर्को हातले विकास  गर्ने । संघीय सासदहरूलाई जनताको आवश्यकताअनुसार विकासमा सहभागी हुने जनउत्तरदायीपूर्ण कामलाई समाजका केही पक्षबाट नकरात्मक दृष्टिकोणले हेर्न थालिएको छ । अरु तर अरु स्वयं न्यायालयले गत वर्ष आर्थिक ऐनमा समावेश भएको सासदले रु. पाँच करोडसम्मका विकासका योजना सम्बन्धित मन्त्रालयमा पेस गर्ने कानुनलाई सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरी रोकी राखेको छ । के यो शक्ति पृथकीकरणको सिद्धान्तविपरीत र सार्वभौम संसद्को अधिकारमाथि हस्तक्षेप भएन ? दुई दर्जन देशहरूमा यस्तो व्यवस्था छ र भारतको सर्वोच्च अदालतलगायत अन्य देशका न्यायालयले समेत यस्ता योजनालाई कानुनी भनेको छ । जनताले आफनो प्रतिनिधिसँग विकासका आधारभूत आवाश्यकताहरूको माग गरिरहेका हुन्छन् । हाम्रो काम कानुन बनाउने मात्रै हो, प्रदेश र स्थानीयतहले सम्बोधन गर्छ भन्ने हो भने प्रतिनिधिसभाका सांसदप्रति मतदाताको विश्वास कमजोर भयो भने संघीयता अप्ठेरोमा पर्छ । संघीय सासदलाई कानुन निर्माणका साथै विकासको काममा जनतासँग सहभागी हुन प्रधानमन्त्रीज्यूको के कार्यक्रम छ ?